नवदुर्गागाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

(सामान्य प्रशासन शाखा)

मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

## कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७७/०५/३०)

यस गाउँपालिका अन्तर्गत संचालन हुने कोभिड-१९ अस्थायी अस्पतालको लागि तपशीलको विज्ञापनमा उल्लिखित पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक आवेदकहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा तोकिएको दस्तुर बुझाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस नवदुर्गा गाउँपालिकाको स्वास्थ्य शाखाबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|
| ०४/०७७-७८ | मेडिकल अधिकृत | अधिकृत आठौं | १ (एक) |
| ०५/०७७-७८ | स्टाफ नर्स | सहायक पाँचौ | २ (दुई) |

**परीक्षाको किसिमः-** अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, मणिलेक डडेल्धुरा ।

**आवश्यक न्यूनतम योग्यताः**

| | |
|---|---|
| मेडिकल अधिकृतको हकमा | नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक सँस्थाबाट MBBS वा सो सरहको योग्यता प्राप्त गरि NMC को प्रमाण पत्र प्राप्त गरेको प्रमाणित प्रतिलिपि । |
| स्टाफ नर्सको हकमा | नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक सँस्थाबाट नर्सिंग बिषयमा प्रविणता प्रमाण पत्र तहउत्तीर्ण गरि नेपाल नर्सिंग काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि । |

**दरखास्तको माध्यमः-** ईच्छुक आवेदकले तपशीलमा उल्लेख भए बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर/रसिद साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, अनुभव आदिको प्रमाणपत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपूर्वको आवेदन फारम भरी यस गाउँपालिकाको स्वास्थ्य शाखामा आवेदन दिनुपर्नेछ ।

**उम्मेदवारको उमेर हदः-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७७/०६/०६ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

**दरखास्त दस्तुरः-** मेडिकल अधिकृत रु १,०००/-, स्टाफ नर्स रु ४,००/-

**दरखास्त दस्तुर बुझाउने स्थानः-** नवदुर्गा गाउँ कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखा, मणिलेक,डडेल्धुरामा ।

**सम्पर्क मितिः-** २०७७/०६/०७ गते बुधबार ।

**अन्तर्वार्ता परिक्षा मिति :-** सम्पर्क मितिको दिन तोकिनेछ ।

**तलब स्केल तथा सुविधाः-** नेपाल सरकारको प्रचलित तलब स्केल तथा कार्यपालिकाको निर्णय बमोजिमको भत्ता ।

**पुनश्चः** सूचनामा उल्लेख भए बाहेकका अन्य विषयमा परिक्षा पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ र परिक्षा पदपूर्ति समितिको निर्णय अन्तिम हुनेछ ।

नोटः थप जानकारीका लागि ९८४८७३१५९९ वा ९८६८५८६७०१ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

२०७७/५/३०

सिद्धराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सिद्धराज शर्मा
... अधिकृत